# जातीय समानताको प्रबर्द्धनमा
# विद्यमान एवं योजनाबद्ध उपायहरू

## श्रम विभाग

श्रम विभाग (LD) हङकङ विशेष प्रशासनिक क्षेत्र सरकारको श्रमसम्बन्धी प्रमुख प्रशासनिक कार्यहरूको कार्यान्वयन र समन्वयको लागि जिम्मेवार प्रमुख निकाय हो। LDले हाम्रो जनशक्तिको समग्र हित अभिवृद्धि गर्ने र काममा भएका मानिसहरूको सुरक्षा र स्वास्थ्य प्रबर्द्धन गर्ने लक्ष्य राख्छ।

### A. रोजगार सेवाहरू, नीतिगत सहयोग र बोयलर तथा प्रेसर भेसल्स विभागहरू

| | |
|---|---|
| सम्बन्धित सेवाहरू | • रोजगारी खोज्ने विविध/फरक जातिका मानिसहरूको लागि विविध तथा नि: शुल्क रोजगार सेवाहरू प्रदान गर्ने।<br><br>• विदेशी घरेलु सहयोगीहरूको (FDHs) लागि सहयोग र सहायता उपलब्ध गराउने।<br><br>• रोजगार एजेन्सीहरूलाई (EAs) इजाजत पत्र जारी गर्ने, निरीक्षण गर्ने र रोजगारदाता र रोजगारी खोजी गर्नेहरूले FDHs दायर गरेका गुनासो/उजुरीहरूको छानबिन गर्ने जस्ता कार्यहरूमार्फत् रोजगार एजेन्सीहरूको नियमन गर्ने।<br><br>• उपकरण मालिकहरूको लागि बोयलर तथा प्रेसर भेसल्सहरूको दर्तासम्बन्धी प्रशासनिक कार्य गर्ने।<br><br>• परीक्षाहरू सञ्चालन गर्ने र योग्य उम्मेदवारहरूलाई विभिन्न प्रकारका बोयलरहरू तथा प्रेसर भेसल्सको लागि दक्ष व्यक्तिहरूको रुपमा योग्यताको प्रमाणपत्र जारी गर्ने।<br><br>• बोयलर तथा प्रेसर भेसल्सको सुरक्षित प्रयोगको प्रवर्द्धन गर्ने। |
| विद्यमान उपायहरू | • LD का 10वटा रोजगार केन्द्रहरू , उद्योगमा आधारित तीनवटा भर्ना केन्द्रहरू , टेलिफोन इम्प्लोयमेन्ट सर्भिस सेन्टर, जव भेकन्सी प्रोसेसिङ सेन्टर, इन्टरयाक्टिभ इम्प्लोयमेन्ट सर्भिस (iES) को वेबसाइट (https://www.jobs.gov.hk) र मोबाईल एप्लिकेसन, रोजगारी खोजी गर्ने अपाङ्गता भएका मानिसहरूलाई सेवा प्रदान |

गर्दै आएका सेलेक्टिभ प्लेसमेन्टसम्बन्धी कार्य गर्ने तीनवटा क्षेत्रीय कार्यालयहरू, इन्टरयाक्टिभ सेलेक्टिभ प्लेसमेन्ट सर्भिस (iSPS) को वेबसाइट (https://www.jobs.gov.hk/isps), युथ इम्प्लोयमेन्ट एण्ड ट्रेनिङ प्रोग्राम (YETP) साथै दुईवटा युथ इम्प्लोयमेन्ट स्टार्ट (Y.E.S.) ले चिनियाँ र अंग्रेजीमा रोजगारी सेवाहरू प्रस्ताव गर्नुहोस्।।

- सेन्टर फर हार्मनी एण्ड एन्हान्समेन्ट अफ एथनिक माइनोरिटी रेसिडेन्ट्स (CHEER) सँगको व्यवस्थामा चिनियाँ र अंग्रेजी नबोल्ने जागिर खोज्नेहरूका लागि नि:शुल्क व्याख्या सेवाहरू उपलब्ध गराउने; र चिनियाँ, अङ्ग्रेजी र विभिन्न जातिका मानिसहरूका आठवटा प्रमुख भाषाहरूमा सान्दर्भिक प्रचार सामग्रीहरू तयार गर्ने।

- रोजगार केन्द्रहरूले विभिन्न जातिको जागिर खोज्नेहरूका लागि विशेष काउन्टरहरू उपलब्ध गराएको छ, र रोजगार सहायकहरू र रोजगार सेवा राजदूतहरू पनि नियुक्त गरेका छन् जसले सेवाहरू प्रदान गर्न विभिन्न जातिका मानिसहरूको भाषामा सञ्चार गर्न सक्छन्। LD ले विभिन्न जातका जागिर खोज्नेहरूका लागि आफ्नो जागिर खोज्न सहज बनाउन ठूलो मात्रामा र जिल्लामा आधारित समावेशी रोजगार मेलाहरू पनि आयोजना गर्दछ। LD ले जातीय विविधता रोजगार कार्यक्रम लागू गर्न गैर-सरकारी संस्थाहरूलाई कमिसन गरेको छ जसले विभिन्न जातका जागिर खोज्नेहरूलाई केस व्यवस्थापन दृष्टिकोणमा एक-स्टप रोजगार सेवाहरू प्रदान गर्दछ।

- आईईएस वेबसाइटमा समर्पित वेबपेज (https://www.jobs.gov.hk/EM) ले विभिन्न जातिको जागिर खोज्नेहरूलाई आठ मुख्य भाषाहरुमा रोजगारीसम्बन्धी जानकार पनि प्रदान गर्दछ। LD ले रोजगारदाताहरूलाई जागिरको अर्डर दिँदा भाषा आवश्यकताहरू आराम गर्न र विविध जातिको जागिर खोज्नेहरूलाई रोजगारी दिने विचार गर्न प्रोत्साहन दिन्छ।

- FDHs लाई एकै ठाउँबाट सहयोग प्रदान गर्न विदेशी घरेलु सहयोगीको लागि छुट्टै दोभाषे सेवा सहितको 24-घण्टा सुचारु हुने हटलाइन LD मा उपलब्ध छ। क्यान्टोनिज, अंग्रेजी र पुटोनहुवा बाहेक, FDHs को 11 विभिन्न FDH मातृभाषामा (अर्थात् तागालोग, बहासा इन्डोनेसिन, थाई, नेपाली, हिन्दी, पंजाबी उर्दू,

सिंहला, बंगाली, खमेर र म्यानमार) दोभाषे सेवा प्रदान गरिन्छ। साथै, फिलिपिन्स र इन्डोनेसियाका FDH सँग सञ्चार गर्न क्रमशः तागालोग र बहासा इन्डोनेसियामा निपुण दुई जना जनसम्पर्क अधिकारीहरू भर्ती गरिएका छन्।

- विविध/फरक जातिका गुनासोकर्ताहरू वा गुनासो अन्तर्गत विविध/फरक जातिका EAs का प्रतिनिधिहरूको लागि आपराधिक अनुसन्धानको क्रममा उनीहरूको बयान आफ्नै सम्बन्धित मातृभाषामा दिन नि:शुल्क दोभाषे/व्याख्या र अनुवाद सेवा प्रदान गरिन्छ।

- हङकङमा विदेशी घरेलु सहयोगीहरूलाई उनीहरूको रोजगारीको अधिकार र दायित्वहरूसम्बन्धी जानकारी प्राप्त गर्न सहज बनाउन LD को समर्पित FDH पोर्टल (www.fdh.labour.gov.hk) अंग्रेजी र चिनियाँ बाहेक 10 FDHs मातृभाषामा पनि उपलब्ध छ।

- हङकङमाEAsको नियमनको बारेमा रोजगारी खोज्नेहरु विविध/फरक जातिहरूको बुझाइलाई सहज बनाउन LD को समर्पित EA पोर्टल (www.eaa.labour.gov.hk) ले विविध/फरक जातिका मानिसहरूको चार प्रमुख भाषामा (अर्थात् तागालोग, बहासा इन्डोनेसिया, थाई र खमेर) प्रकाशित जानकारीहरू राख्छन्। विविध/फरक जातिहरूको माथिको चार भाषाहरूमा अनलाइन गुनासो फारम उपलब्ध छ।

- LD ले FDH विभिन्न मातृभाषाहरूमा उपयोगी मार्गदर्शनहरू, प्रवर्द्धनात्मक पर्चाहरू र पोस्टरहरू उत्पादन गर्छ र सान्दर्भिक प्रकाशनहरूलाई एक गैरसरकारी संगठनको माध्यमबाट हङकङ अन्तराष्ट्रिय विमानस्थलमा आएका विदेशी घरेलु सहयोगीहरूलाई, हङकङमा रहेका FDHs गृहदेशका महावाणिज्यदूतावास, विभिन्न सरकारी विभागहरूको कार्यालयहरू आदिमा वितरण गर्दछ।

- LD ले छुट्टीका दिनहरूमा FDHs भेला हुने सार्वजनिक ठाउँहरूमा जानकारी कक्षहरू स्थापना गरेर, FDHs बाट सामान्यत: पढिने इन्डोनेशियन र फिलिपिन्स भाषाको स्थानीय समाचारपत्रहरू र अन्य प्रकाशनहरूमा विज्ञापनहरू राखेर,

जनहितसम्बन्धी सूचनाहरू टेलिभिजन र रेडियोमा प्रशारण गरेर, आदि माध्यमहरूबाट विदेशी घरेलु सहयोगीहरूको रोजगार अधिकार र दायित्वहरूको बारेमा जानकारी प्रदान गर्दछ।

- विविध/फरक जातिका रोजगारी खोज्नेहरूको आवश्यकताहरू पूरा गर्न र उनीहरूको रोजगारीको अधिकार र संरक्षणको सम्बन्धमा जागरूकता बढाउन EAs को नियमनसम्बन्धी प्रवर्द्धनात्मक सामाग्रीहरू र FDHs को रोजगारीसँग सम्बन्धित नमूना कागजातहरू चिनियाँ, अंग्रेजी र विविध/फरक जातिका मानिसहरूको प्रमुख भाषाहरूमा (अर्थात् तागलोग, बहासा इन्डोनेसिया, थाई, नेपाली, म्यानमरेसी, उर्दू, हिन्दी, बंगाली, सिंहला र खमेर) उपलब्ध गराइन्छ।
- FDHs को सुरक्षा अभिवृद्धि गर्न र FDHs एवं तिनीहरूको रोजगारदाताहरुलाई राम्रो सहयोग प्रदान गर्नको लागि प्रभावकारी समन्वय र कार्यान्वयन सुनिश्चित गर्न LD ले एक समर्पित FDH महाशाखा स्थापना गर्नेछ।
- LD ले हङकङमा FDHs का प्रमुख गृहदेशहरुका वाणिज्य दूतावाससँग नजिकमा रहेर कार्य काम गर्दछ र नयाँ आएका FDHs को लागि उनीहरूले आयोजना गरेका अभिमुखीकरण सेमिनारहरु, साथै हङकङमा वाणिज्य दूतावासद्वारा आफ्नो नागरिकहरुको लागि आयोजित प्रमुख सामाजिक/सांस्कृतिक कार्यक्रमहरुमा उपस्थित जनाउँछ।
- LD ले चिनियाँ र अङ्ग्रेजी दुवै भाषामा बायलर तथा प्रेसर भेसल्सहरूको दर्ता र परीक्षणको लागि आवेदन फारामहरू र मार्गदर्शन नोटहरू प्रदान गर्दछ। सान्दर्भिक जानकारीहरू चिनियाँ र अङ्ग्रेजी दुवै भाषामा विभागीय वेबसाइटमा अपलोड गरिन्छ।
- दक्षताको प्रमाणपत्रको लागि LD ले चिनियाँ वा अंग्रेजी भाषामा मौखिक र लिखित दुवै परीक्षाहरू संचालन गर्दछ।
- LD ले अभ्यास आचार संहिता, संचालन निर्देशिकाहरू र दुर्घटनाका घटनाहरूको संक्षिप्त विवरण सहितका सबै प्रकाशनहरू चिनियाँ र अङ्ग्रेजी दुबै भाषामा उपलब्ध गराउँछ

भने विविध/फरक जातिका प्रयोगकर्ताहरूले सन्दर्भका लागि प्रायजसो हेर्ने गरिएको संचालन निर्देशिकालाई हिन्दी र उर्दूमा पनि अनुवाद अनुवाद गरिएको छ।

| | |
|---|---|
| भावी कार्यको आँकलन | • LD ले विविध/फरक जातिका रोजगार खोज्ने मानिसहरू र FDHs को लागि) आफूले प्रदान गरेका सेवाहरूको समय-समयमा समीक्षा गरी उचित सुधारहरू गर्नेछ, र सान्दर्भिक मूल्यांकनका लागि तिनीहरूबाट डाटा संकलन गर्ने छ।<br><br>• सेवा उपलब्धताको निरन्तर सुधारलाई सक्षम बनाउनको लागि FDHs को सेवा उपयोगको स्वरूपहरू र सेवाहरूमा उनीहरूको पहुँचको अवस्था बुझ्न श्रम विभागले विदेशी घरेलु सहयोगीहरूद्वारा गरिएको LD को सहयोग सेवाहरूको उपयोगसम्बन्धी जानकारी संकलन गर्दछ।<br><br>• LD ले रोजगार एजेन्सीहरूको प्रशासनलाई मुद्दा दायर गर्ने उजुरीकर्ताहरूको राष्ट्रियता र उनीहरूलाई प्रदान गरिएको दोभाषे र अनुवाद सेवाको जानकारी अभिलेख गरेर राख्छ। LD ले आफ्नो सेवाहरूको समीक्षा गर्दा विविध/फरक जातिका उजुरीकर्ताहरूबाट लिइएको पृष्ठपोषणलाई विचार गरी उपयुक्त सुधारहरू गर्नेछ।<br><br>• LD ले सर्वसाधारण र कर्मचारीहरूबाट आएका पृष्ठपोषण तथा सुझावहरूलाई विचार गर्दै रजिस्ट्रेसन, अपरेटरहरूको प्रमाणीकरण र बोयलर तथा प्रेसर भेसल्सहरूको सुरक्षित प्रयोगको प्रवर्द्धनसम्बन्धी हाम्रो सेवाहरूको समय-समयमा मूल्यांकन गरी आवश्यक र उपयुक्त भएअनुसार विविध/फरक जातिका प्रयोगकर्ताहरूको लागि हाम्रो सेवाहरूमा सुधारको मार्ग प्रशस्त गर्नेछ। |

जातीय समानताको प्रवर्द्धनसम्बन्धी विद्यमान र योजनाबद्ध उपायहरू बारेमा सोधपुछका लागि कृपया तलका स्रोत/माध्यमहरू मार्फत् तल उल्लेखित अधिकृतहरूसँग सम्पर्क राख्नुहोस् -

*सामान्य रोजगार सेवाहरू सम्बन्धित सोधपुछको लागि*

| | | |
|---|---|---|
| नाम | : | LAM Mei-chuen, Agnes |
| पद | : | श्रम अधिकृत (रोजगार सेवा) (मुख्यालय) |
| टेलिफोन न. | : | 2852 4182 |

| | | |
|---|---|---|
| फ्याक्स न. | : | 2541 3351 |
| ईमेल | : | ESD-HQ@labour.gov.hk |
| हुलाक ठेगाना | : | Room 1720, 17/F., Harbour Building, 38 Pier Road, Central, Hong Kong |

*रोजगार जानकारी र प्रवर्द्धन कार्यक्रम कार्यालय, रोजगार रिक्तता प्रशोधन केन्द्र र टेलिफोन रोजगार सेवा केन्द्रसँग सम्बन्धित सोधपुछको लागि*

| | | |
|---|---|---|
| नाम | : | CHAN Yuen-han, Sandy |
| पद | : | श्रम अधिकारी (रोजगार सूचना तथा प्रवर्द्धन कार्यक्रम कार्यालय) |
| टेलिफोन न. | : | 2153 2602 |
| फ्याक्स न. | : | 2850 5191 |
| ईमेल | : | EIPD-HQ@labour.gov.hk |
| हुलाक ठेगाना | : | Room 222, 2/F., North Point Government Offices, 333 Java Road, North Point, Hong Kong |

*सेलेक्टिभ प्लेसमेन्ट सर्भिससँग सम्बन्धित सोधपुछको लागि*

| | | |
|---|---|---|
| नाम | : | HUI Tsz-yan, Ceres |
| पद | : | सहायक श्रम अधिकारी II (चयनित नियुक्ति) (मुख्यालय) |
| टेलिफोन न. | : | 2852 4992 |
| फ्याक्स न. | : | 2541 3914 |
| ईमेल | : | SPD-HQ@labour.gov.hk |
| हुलाक ठेगाना | : | Room 1721, 17/F., Harbour Building, 38 Pier Road, Central, Hong Kong |

*युवा रोजगार सेवाहरूसँग सम्बन्धित सोधपुछको लागि*

| | | |
|---|---|---|
| नाम | : | HO Kwong-ho, Keith |
| पद | : | श्रम अधिकृत (युवा रोजगार) |
| टेलिफोन न. | : | 2852 3544 |
| फ्याक्स न. | : | 2119 9820 |
| ईमेल | : | yed-hq@labour.gov.hk |
| हुलाक ठेगाना | : | 12/F., Harbour Building, 38 Pier Road, Central, Hong Kong |

*FDHs को लागि सहयोग तथा सहायतासँग सम्बन्धित सोधपुछहरूको लागि*

| | | |
|---|---|---|
| नाम | : | LO Siu-chung, Eric |
| पद | : | श्रम अधिकारी (काम गर्ने बिदाको योजना / विदेशी घरेलु सहयोगीहरू) |
| टेलिफोन न. | : | 3582 8972 |
| फ्याक्स न. | : | 3101 0604 |

| | | |
|---|---|---|
| ईमेल | : | fdh-enquiry@labour.gov.hk |
| हुलाक ठेगाना | : | 16/F., One Mong Kok Road Commercial Centre, 1 Mong Kok Road, Kowloon |

*EAs लाई इजाजत पत्र वितरण, निरीक्षण र रोजगारदाताहरू तथा रोजगारी खोज्नेहरूले (FDHs समेत) दायर गरेको गुनासोहरूको छानविनको माध्यमबाट रोजगारदाता एजेन्सीहरूको नियमनसँग सम्बन्धित सोधपुछको लागि*

| | | |
|---|---|---|
| नाम | : | CHAN Hiu-yan, Catherine |
| पद | : | LO(EA)2 |
| टेलिफोन न. | : | 2115 3382 |
| फ्याक्स न. | : | 2115 3756 |
| ईमेल | : | lo-ea-2@labour.gov.hk |
| हुलाक ठेगाना | : | Unit 906, 9/F., One Mong Kok Road Commercial Centre, 1 Mong Kok Road, Kowloon |

बोयलर तथा प्रेसर वेसल्स डिभिजन (महाशाखा) सँग सम्बन्धित सोधपुछको लागि

| | | |
|---|---|---|
| नाम | : | FUNG Sin-yee Cindy |
| पद | : | कार्यकारी अधिकृत (बोयलर तथा प्रेसर भेसल्स) |
| टेलिफोन न. | : | 3107 3443 |
| फ्याक्स न. | : | 2517 0875 |
| ईमेल | : | eo-bpv@labour.gov.hk |
| हुलाक ठेगाना | : | Unit 01-02, 20/F, Millennium City 6, 392 Kwun Tong Road, Kwun Tong, Kowloon |

## B. कर्मचारी तालिम तथा विकास महाशाखा

| | |
|---|---|
| सम्बन्धित सेवाहरू | • स्टाफलाई प्रशिक्षण |
| विद्यमान उपायहरू | • कर्मचारी तालिम तथा विकास महाशाखा (STDD) ले नयाँ भर्ना भएका सहायक श्रम अधिकृतहरू II लाई अभिमुखीकरण कार्यक्रमको भागको रूपमा जातीय समानतासम्बन्धी संवाद आयोजना गर्दै आएको छ, जुन इच्छुक कनिष्ठ श्रम अधिकृत (LO) हरूका लागि पनि खुला छ। यसबाहेक, STDD ले नियमित रूपमा सिभिल सर्भिस कलेजबाट उपलब्ध सान्दर्भिक तालिम पाठ्यक्रमहरूसम्बन्धी जानकारी प्रवाह गर्दछ र उपयुक्त भएसम्म तालिममा भर्नाका लागि LO बाट मनोनयनको लागि आमन्त्रित गर्दछ। |

| | |
|---|---|
| भावी कार्यको | • कर्मचारी तालिम तथा विकास महाशाखाले LO हरूका लागि सान्दर्भिक तालिम प्रदान गर्ने कार्य जारी राख्नेछ। |

## C. पेशागत सुरक्षा - प्रणाली र सहयाता

सरकारले विविध/फरक जातिहरूका कामदारहरूहरूको पेशागत सुरक्षा तथा स्वास्थ्य (OSH) मा ठूलो महत्त्व दिन्छ। हालसम्म, हाम्रो OSH सेवाहरूमा OSH चेतना बढाउन र दुर्घटना हुनबाट जोगाउन OSH संस्कृति निर्माण गर्नका लागि विविध/फरक जातिका कामदारहरूको पहुँचलाई थप सहज बनाउन LD ले विभिन्न उपायहरूको व्यवस्था गरेको छ।

| | |
|---|---|
| सम्बन्धित सेवाहरू | • विविध/फरक जातिहरूका लागि OSH प्रावधान। |
| विद्यमान उपायहरू | • LD को पेशागत सुरक्षा र स्वास्थ्य तालिम केन्द्रले चिनियाँ वा अंग्रेजी नबोल्ने सेवाग्राहीहरूको सेवा प्रदानको लागि CHEER दोभाषे सेवा उपयोगको व्यवस्था गरेको छ। विविध/फरक जातिका कामदारहरूलाई कक्षाकोठामा आयोजना गरिएका तालिममा भाग लिइरहेको बेला दोभाषे/व्याख्याको लागि अन्य व्यक्तिहरूको साथ लिन अनुमति दिइन्छ।<br><br>• LD को रजिस्ट्रेसन तथा स्टाफ ट्रेनिङ डिभिजन (RSTD) ले रजिस्टर्ड सेफ्टी अडिटरहरू, रजिस्टर्ड सेफ्टी अफिसरहरू, र रजिस्टर्ड स्कीम अपरेटरहरूसम्बन्धी चिनियाँ र/वा अंग्रेजीमा रहेका रजिस्टरहरूको निःशुल्क निरीक्षण सेवा प्रदान गर्दछ। यस कार्यालयले CHEER सँग मिलेर चिनियाँ वा अङ्ग्रेजी नबोल्ने सेवाग्राहीहरूको लागि निःशुल्क दोभाषे/व्याख्या सेवाहरू प्रदान गर्न आवश्यक व्यवस्था गरेको छ। CHEER सेन्टरद्वारा प्रदान गरिएका व्याख्या सेवाहरूको प्रचार गर्नको लागि विविध/फरक जातिका भाषाहरूमा पोस्टरहरू कार्यालयभित्र स्पष्ट देखिने स्थानहरूमा राखिन्छन्। विविध/फरक जातिका व्यक्तिहरूलाई उनीहरूको लागि दोभाषे सेवा प्रदान गर्न सक्ने व्यक्तिहरूको पनि साथ रहन सक्छ।<br><br>• LD को RSTD ले नयाँ भर्ती भएका व्यावसायिक सुरक्षा अधिकारीहरू II को लागि प्रोबेशनरी प्रशिक्षण कार्यक्रमको भागको रूपमा जातीय समानतामा वार्ताहरू आयोजना गर्दै |

आएको छ। साथै, RSTD ले नियमित रूपमा सिभिल सर्भिस कलेजबाट उपलब्ध सान्दर्भिक प्रशिक्षण पाठ्यक्रमहरूमा जानकारी फैलाउँछ र उपयुक्त भएमा तालिमको लागि नामांकन गर्नको लागि व्यावसायिक सुरक्षा अधिकारी (OSO) ग्रेड अधिकारीहरूबाट नामांकनहरूलाई निम्तो दिन्छ।

- LD ले दुर्घटना रिपोर्टिंग र OSH तथ्यांकसम्बन्धी सेवाहरूबारे सोधपुछ गर्न हटलाइन प्रदान गर्दछ । चिनियाँ वा अङ्ग्रेजी नबोल्ने सेवाग्राहीहरूको लागि निःशुल्क दोभाषे/व्याख्या सेवाहरू प्रदान गर्न कार्यालयले CHEER सँग मिलेर आवश्यक व्यवस्था गरेको छ।

- LD ले OSH सम्बन्धी सार्वजनिक सोधपुछका लागि पेशागत सुरक्षा तथा स्वास्थ्य शाखामा एउटा सोधपुछ हटलाइन र असुरक्षित कार्य वातावरण विरूद्ध सर्वसाधारणको उजुरी दर्ताका लागि OSH उजुरी हटलाइन स्थापना गरेको छ । चिनियाँ वा अङ्ग्रेजी नबोल्ने सेवाग्राहीहरूको लागि निःशुल्क दोभाषे सेवाहरू प्रदान गर्न यस कार्यालयले CHEER सेन्टरसँग मिलेर आवश्यक व्यवस्था गरेको छ।

- LD ले असुरक्षित कार्य वातावरण विरुद्ध उजुरीहरू दायर गर्न प्रोत्साहन गर्नका लागि OSH उजुरी प्ल्याटफर्मको जानकारी समावेश गर्ने प्लास्टिक कार्ड धारकहरूको वितरण र विविध जातीका विभिन्न भाषाहरूमा उजुरी हटलाइनसहित विभिन्न मध्यमबाट विविध जातीका कामदारहरूलाई OSH उजुरी च्यानलहरू प्रवर्द्धन गर्छ।

- LD ले विविध जातीका मानिसहरूलाई OSH को महत्त्वपूर्ण जानकारीको प्रावधानका लागि विविध जातीका विभिन्न भाषाहरूमा OSH प्रकाशनहरू प्रकाशन गर्छ र विविध जातीका मानिसहरूका लागि पत्रिका र पत्र-पत्रिकामार्फत कामामा सुरक्षा सन्देशहरू प्रचार गर्छ।

भावी कार्यको आँकलन

- LD ले समय-समयमा विविध जातिका मानिसहरूका लागि OSO ग्रेड अधिकारीहरूका लागि सान्दर्भिक प्रशिक्षण प्रदान गर्न जारी राख्नेछ  र उपयुक्त सुधारहरू गर्नेछ।

| | |
|---|---|
| चालिएका/ चालिनुपर्ने थप उपायहरू | • LD ले OSH जानकारीलाई बुझ्नको लागी विभिन्न जातिहरूका श्रमिकहरूको सुविधाको लागी "वर्क सेफ्टी अलर्ट" एनिमेशन भिडियोको विभिन्न जातिहरू (हिन्दी, नेपाली, तागालोग र उर्दू लगायत) को भाषाहरूमा अनुवाद गर्ने कामलाई जारी राख्ने छ । |

यदि तपाईंसँग माथिका सेवाहरुसम्बन्धी कुनै प्रश्न/सुझावहरू भएमा कृपया पेशागत सुरक्षा र स्वास्थ्य शाखाको फोन नम्बर 2559 2297 मा सम्पर्क गर्नुहोस् वा LD लाई enquiry@labour.gov.hk मा इ-मेल पठाउनुहोस्।

## D. श्रम सम्बन्ध

श्रम विवाद र दावीहरू समाधान गर्न रोजगारदाता र कर्मचारीहरूलाई मद्दत गर्न, सामान्य रोजगारसम्बन्धी दाबीहरूको निरुपण गर्न, रोजगार कानुन (EO) तथा असल मानव संसाधन व्यवस्थापन अभ्यासहरू (GHRM)प्रवर्द्धन गर्न र साथै सुदृढ ट्रेड युनियन व्यवस्थापनलाई प्रवर्द्धन गर्न ट्रेड युनियन अध्यादेश (TUO) को प्रशासन गर्नका लागि LD ले परामर्श तथा स्वैच्छिक मेलमिलाप सेवाको प्रावधान मार्फत् सामन्जस्यपूर्ण रोजगारदाता र कर्मचारी सम्बन्ध कायम गरी त्यसलाई अघि बढाउँछ। विविध/फरक जातिका मानिससँग यी निःशुल्क सेवाहरूमा समान पहुँच रहन्छ र स्थानीय कर्चारीहरूले पाउने सरह श्रम कानुनका संरक्षण र लाभहरू प्राप्त गर्दछन्।

<u>परामर्श र मेलमिलाप सेवाहरूको प्रावधान</u>

| | |
|---|---|
| सम्बन्धित सेवाहरू | • LD को श्रम सम्बन्ध महाशाखा (LRD) दशवटा शाखा कार्यालयको सञ्जालमार्फत् संचालित हुन्छ जसले EO, न्यूनतम ज्यालासम्बन्धी कानुन र रोजगार सम्झौतामा रोजगारदाता र कर्मचारीहरुलाई परामर्श सेवा प्रदान गर्दछ। यसले रोजगारदाताहरू र कर्मचारीहरूलाई उनीहरूको श्रम विवाद र दाबीहरू समाधान गर्न सरकारी क्षेत्र बाहिरका प्रतिष्ठानहरूमा मद्दत गर्न स्वतन्त्र र स्वैच्छिक मेलमिलाप सेवा पनि प्रदान गर्दछ। |
| विद्यमान उपायहरू | • परामर्श र मेलमिलाप सेवाहरू प्रदान गर्ने क्रममा, LRD ले भाषा अवरोधका कारण हाम्रो सेवामा चिनियाँ वा अंग्रेजी भाषा नबोल्ने मानिसहरूको पहुँचमा बाधा नपर्ने सुनिश्चित गर्न उनीहरूको लागि निःशुल्क दोभाषे/व्याख्या सेवाको व्यवस्था गर्नेछ। विविध/फरक जातिका मानिसहरूलाई CHEER द्वारा प्रदान गरिएको दोभाषे/व्याख्या सेवाहरूसम्बन्धी सर्वसाधारणको |

सचेतना अभिवृद्धि गर्न यी सेवाहरू बारेको सूचनाहरू र पोस्टरहरू विविध/फरक जातिका भाषाहरूमा LRD को शाखा कार्यालयहरूमा टाँसेर राखिन्छ।

| | |
|---|---|
| भावी कार्यको आँकलन | • LRD ले सेवाहरूलाई समय-समयमा समीक्षा गरी उचित सुधारहरू गर्नेछ। |

जातीय समानताको प्रवर्द्धनसम्बन्धी विद्यमान तथा योजनाबद्ध उपायहरूको बारेमा सोधपुछका लागि कृपया निम्न स्रोत/च्यानलहरू मार्फत् निम्न अधिकारीलाई सम्पर्क गर्नुहोस् -

| | | |
|---|---|---|
| नाम | : | POON Wai-ho, Bill |
| शीर्षक | : | सहायक श्रम अधिकारी I (श्रम सम्बन्ध) (मुख्यालय) |
| टेलिफोन न. | : | 2852 3507 |
| फ्याक्स न. | : | 2545 2959 |
| ईमेल | : | lrd-hq@labour.gov.hk |
| हुलाक ठेगाना | : | 12/F, Harbour Building, 38 Pier Road, Central, Hong Kong |

<u>सामान्य रोजगारसम्बन्धी दावीहरूको निरुपण</u>

| | |
|---|---|
| सम्बन्धित सेवाहरू | • सामान्य रोजगारसम्बन्धी दाबी निरुपण बोर्डले विभिन्न जातका कर्मचारी र रोजगारदाताहरूको लागि छिटो, अनौपचारिक र कम खर्चिलो रोजगारसम्बन्धी विवादको न्यायिक निरुपण सेवा प्रदान गर्दछ। |
| विद्यमान उपायहरू | • LRD को मेलमिलाप सेवा मार्फत गएर रोजगारी विवादहरू समाधान गर्न नसकिने अवस्थामा, कर्मचारी वा रोजगारदाताहरूले अर्को पक्षको विरुद्ध बोर्डको क्षेत्राधिकारभित्र पर्ने दाबीहरू दायर गर्न बोर्डमा जान सक्नेछन्।<br>• दावी दायर गर्ने र सुनुवाइको क्रममा, बोर्डले आवश्यकतामा विभिन्न जातिका कर्मचारी र रोजगारदाताहरूको लागि बोर्डले निःशुल्क दोभाषे/व्याख्या सेवा उपलब्ध गराउँछ। |
| भावी कार्यको आँकलन | • बोर्डले आवश्यकता परेका विभिन्न जातजातिका कर्मचारी र रोजगारदाताहरूका लागि दावी दायर गर्ने र सुनुवाइको क्रममा |

निःशुल्क दोभाषे/व्याख्या सेवा उपलब्ध गराउने कार्य जारी राख्नेछ।

जातीय समानताको प्रवर्द्धनसम्बन्धी विद्यमान तथा योजनाबद्ध उपायहरूको बारेमा सोधपुछका लागि कृपया तलका स्रोत/च्यानलहरू मार्फत् तल उल्लेखित अधिकृतलाई सम्पर्क गर्नुहोस् -

| | | |
|---|---|---|
| नाम | : | LI Kai-hiu, Kate |
| पद | : | डेप्टि रजिष्टार |
| टेलिफोन न. | : | 2927 8008 |
| फ्याक्स न. | : | 2314 2947 |
| ईमेल | : | mecab@labour.gov.hk |
| हुलाक ठेगाना | : | Room 1012, 10/F, Cheung Sha Wan Government Offices, 303 Cheung Sha Wan Road, Kowloon |

*EO र GHRM अभ्यासको प्रवर्द्धन*

सम्बन्धित सेवाहरू

- LD को कार्यस्थल परामर्श प्रवर्द्धन महाशाखा (WCPD) तलको कुरामा जिम्मेवार छ -
  - उद्योगमा आधारित त्रिपक्षीय समितिहरूमार्फत् रोजगारदाता, कर्मचारी र सरकारका प्रतिनिधिहरूबीचको त्रिपक्षीय वार्ता र सहकार्यलाई प्रवर्द्धन गर्ने।
  - EO को बारेमा मानव संसाधन अभ्यासकार्ताहरू बुझाइ अभिवृद्धि गर्ने र मानव संसाधन प्रबन्धक क्लबहरुको स्थापना गरी सदस्यहरूलाई अनुभवहरू साझा सत्र, ब्रिफिङ, न्युजलेटरहरू एवं परामर्शहरू प्रदान गर्दै GHRM अभ्यासहरू प्रवर्द्धन गर्ने।
  - बिभिन्न प्रचारप्रसार स्रोत/च्यानलहरू र विभिन्न प्रवर्द्धनात्मक गतिविधिहरूको माध्यमबाट रोजगारदाता र कर्मचारीहरूलाई EO र GHRM अभ्यासको बारेमा जानकारी प्रदान गर्ने।

- ➢ रोजगारदाता र कर्मचारीहरूले सन्दर्भको रुपमा प्रयोग गर्नको लागि अभ्यास संहिताको लेखन र प्रकाशनहरू उत्पादन गर्ने।

विद्यमान उपायहरू

- यदि त्रिपक्षीय समितिहरु र मानव संसाधन प्रबन्धहरूको क्लब गतिविधिमा रहेका सहभागीहरूले विविध/फरक जातिका मानिसहरूको भाषा सेवा माग गरेमा, WCPD ले आवश्यकता अनुसार दोभाषे/अनुवाद सेवाहरुको व्यवस्था गर्नेछ।

- EO को प्रमुख प्रावधानहरूको प्रवर्द्धनसम्बन्धी प्रचारप्रसार पर्चाहरू चिनियाँ, अङ्ग्रेजी र विविध/फरक जातिका नौंवटा भाषाहरूमा (हिंदी, नेपाली, सिंहला, उर्दू, इन्डोनेसियाली, टागलाग, थाई, पन्जाबी र भियतनामी) उपलब्ध गरिन्छन् । सान्दर्भिक पर्चाहरूको इलेक्ट्रोनिक संस्करण LD को वेबसाइटमा अपलोड गरिएको छ। विविध/फरक जातिका भाषाहरूमा तयार गरिएका प्रकाशनहरू पनि सरकारको एकद्वार पोर्टल (GovHK) अन्तर्गत रहेको बहुभाषा प्लेटफर्ममा र इन्टरयाक्टिभ इम्प्लोयमेन्ट सर्भिसको (iES) वेबसाइटमा रहेको विविध/फरक जातिका रोजगारी खोज्नेहरूको लागि निर्धारित/समर्पित वेबपेजमा अपलोड गरिएको छ। यदि सर्वसाधारण सदस्यहरूले विविध/फरक जातिका भाषाहरूमा प्रकाशनहरूको संस्करण अनुरोध गरेमा WCPD ले आवश्यकताअनुसार अनुवाद सेवाहरूको व्यवस्था गर्दछ।

- घुम्ती प्रदर्शनहरू समयमा सेवाग्राहीहरूको लागि आवश्यक पर्ने सान्दर्भिक प्रचारप्रसार पर्चाहरू चिनियाँ, अङ्ग्रेजी र विविध/फरक जातिका नौंवटा भाषाहरूमा उपलब्ध गराइन्छ।

- CHEER द्वारा उपलब्ध गराइएका नि:शुल्क व्याख्या सेवाहरू प्रवर्द्धन गर्न रिसेप्शन काउन्टरमा विभिन्न जातका मानिसहरूका प्रमुख भाषाहरूमा पोस्टरहरू स्पष्ट रूपमा प्रदर्शन गरिन्छ।रिसेप्शन काउन्टरका कर्मचारीहरूले चीयर सेन्टरको सेवा उपलब्धताको बारेमा सेवाग्राहीहरूलाई जानकारी गराउँछन् र र आवश्यक परेमा सेवाग्राहीलाई सेवा व्यवस्था गर्ने प्रस्ताव गर्दछन्।

| | | |
|---|---|---|
| भावी कार्यको आँकलन | • | WCPD ले विविध/फरक जातिहरूका मानिसहरूको लागि प्रदान गरेको आफ्नो सेवाहरूको समय-समयमा समीक्षा गरी उचित सुधारहरू गर्नेछ। |
| चालिएको/चाल्नुपर्ने थप उपायहरू | • | WCPD ले चीयर CHEER सेन्टरद्वारा उपलब्ध गराइको दोभाषे सेवाहरूको प्रवर्द्धन गर्ने पर्चाहरू निर्माण गरी सेवाग्राहीसँग सम्बन्धित गतिविधिहरूमा उपलब्ध गराउनेछ र भाषा सेवा आवश्यक भएकाहरूको लागि उचित भाषा सेवा प्रदायकहरूलाई सहभागी गराउनेछ। |

जातीय समानताको प्रवर्द्धनसम्बन्धी विद्यमान तथा योजनाबद्ध उपायहरूको बारेमा सोधपुछका लागि कृपया तलका स्रोत/च्यानलहरू मार्फत् तल उल्लेखित अधिकृतलाई सम्पर्क गर्नुहोस् -

| | | |
|---|---|---|
| नाम | : | CHAU Cheuk-yan, Peony |
| पद | : | सहायक श्रम अधिकृत I (कार्यस्थल परामर्श प्रवर्द्धन) |
| टेलिफोन न. | : | 2121 8690 |
| फ्याक्स न. | : | 2121 8695 |
| ईमेल | : | wcpd@labour.gov.hk |
| हुलाक ठेगाना | : | 5/F, Mongkok Government Offices,<br>30 Luen Wan Street, Mongkok, Kowloon. |

*ट्रेड युनियनहरूको नियमन*

| | | |
|---|---|---|
| सम्बन्धित सेवाहरू | • | ट्रेड युनियनहरूको रजिस्ट्री (RTU) ले TUO लाई सुदृढ ट्रेड युनियन व्यवस्थापनलाई प्रवर्द्धन गर्न व्यवस्थापन गर्दछ ताकि ट्रेड युनियनहरूको प्रशासन र आचरण TUO र RTU मा दर्ता भएका तिनीहरूका नियमहरू (वा संविधान भनिन्छ) को पालना गर्दछ। |
| अवस्थित उपायहरू | • | ट्रेड युनियनहरूको प्रशासन र आचरणले TUO र RTU मा दर्ता भएका तिनीहरूका नियमहरू (वा संविधान भनिन्छ) को पालना गर्दछ भनी सुनिश्चित गर्न ट्रेड युनियन रजिस्ट्री अफ ट्रेड युनियन (RTU) ले TUO लाई व्यवस्थापन गर्छ। |
| | • | आवश्यक परेमा, RTU ले चिनियाँ वा अंग्रेजी नबोल्ने विभिन्न जातिका ट्रेड युनियन सदस्यहरू र अधिकारीहरूका लागि CHEER बाट निःशुल्क व्याख्या सेवाको व्यवस्था गर्नेछ। |

| | |
|---|---|
| भविष्यको कामको मूल्याङ्कन | • RTU ले समय-समयमा सेवाहरूको समीक्षा गर्नेछ र उपयुक्त भएमा सुधार गर्नेछ। |

जातीय समानताको प्रवर्द्धनका लागि अवस्थित र योजनाबद्ध उपायहरूको बारेमा सोधपुछको लागि, कृपया निम्न माध्यमहरू मार्फत निम्न अधिकारीलाई सम्पर्क गर्नुहोस् -

| | | |
|---|---|---|
| नाम | : | LAU Man-yee, Ellen |
| पद | : | सहायक श्रम अधिकारी। (ट्रेड युनियनहरू) |
| टेलिफोन न. | : | 3575 8500 |
| फ्याक्स न. | : | 2541 2681 |
| इमेल | : | rtu@labour.gov.hk |
| हुलाक ठेगाना | : | 11/F, One Mong Kok Road Commercial Centre, 1 Mong Kok Road, Kowloon |

## E. पेशागत स्वास्थ्य सेवा

| | |
|---|---|
| सम्बन्धित सेवाहरू | • विविध/फरक जातिका कर्मचारीहरूलाई पेशागत स्वास्थ्य सेवाको व्यवस्था, यसमा सल्लाहकार सेवा प्रदान गर्ने, उनीहरूको कार्यस्थलमा निरीक्षण गर्ने र पेशागत स्वास्थ्य र सरसफाइसम्बन्धी कानून लागू गर्ने, शंकास्पद पेशागत रोगसम्बन्धी केसहरूको जाँच गरी उपचार प्रदान गर्ने, कर्मचारीको बिरामी बिदा र क्षतिपूर्ति दाबीसम्बन्धी अन्तर्वार्ता संचालन गर्ने र पेशागत स्वास्थ्य संवादहरू गर्ने गराउने लगायत पर्दछन्। |
| विद्यमान उपायहरू | • विविध/फरक जातिका कर्मचारीहरूले पेशागत स्वास्थ्य सेवा खोजिरहेका बेला वा पेशागत स्वस्थसम्बन्धी केसहरूको जाँचको लागि अन्तर्वार्ता दिएपछि, LD ले उनीहरूको लागि आवश्यकता अनुसार दोभाषे/व्याख्या सेवाहरूको व्यवस्था गर्नेछ। चिनियाँ वा अङ्ग्रेजीमध्ये कुनै पनि भाषा नबोल्ने कर्मचारीहरूको लागि निःशुल्क दोभाषे/व्याख्या सेवा प्रदान गर्न श्रम विभागले CHEER सँग मिलेर आवश्यक व्यवस्था गर्नेछ। समयमै दोभाषे/व्याख्या सेवाहरू प्रदान गर्न विविध/फरक जातिका प्रमुख भाषाहरूका (अर्थात्, तागालोग, बहासा इन्डोनेसिया, थाई, हिन्दी, उर्दू, नेपाली र पंजाबी) पोस्टरहरू सेवा केन्द्रहरूभित्र सबैले देख्ने स्थानहरूमा राखिन्छ। |

| | |
|---|---|
| | • LD ले विविध/फरक जातिका भाषाहरूमा पेशागत स्वास्थ्यसम्बन्धी केही प्रकाशनहरू अनुवाद गरेको छ। यी प्रकाशनहरूमा पहुँचको लागि सहज बनाउन श्रम विभागको पेशागत स्वास्थ्य सेवा कार्यालयहरूले देखिने प्रमुख स्थानहरूमा विविध/फरक जातिका भाषाहरूमा प्रकाशित सूचना राखेका छन् र विविध/फरक जातिका कर्मचारीहरूलाई यी प्रकाशनहरू लिन प्रोत्साहित गरिएको छ। यसका साथै सार्वजनिक रूपमा डाउनलोड गर्न र वितरण गर्नका लागि यी प्रकाशनहरू श्रम LD को वेबपेजमा राखिन्छ। |
| भावी कार्यको आँकलन | • LD ले विविध/फरक जातिका कर्मचारीहरूलाई आफूले प्रदान गरेको पेशागत स्वास्थ्य सेवाहरूको समय-समयमा समीक्षा गरी उचित सुधारहरू गर्नेछ। |
| चालिएका/चाल्नुपर्नेथप उपायहरू | देहायका अतिरिक्त उपायहरू अवलम्बन गरिएको छ/गरिनेछ- |
| | • LD ले विविध/फरक जातिका कर्मचारीहरूका लागि पेशागत स्वास्थ्य सेवा अभिवृद्धि गर्न आवश्यक तालिम प्राप्त गर्न केही कर्मचारीको व्यवस्था गरेको छ। भविष्यमा, हामी उपयुक्त तालिमको खोजी जारी राख्नेछौं र हाम्रो कर्मचारीहरूले तालिम लिने व्यवस्था गर्नेछौं। |

जातीय समानताको प्रवर्द्धनसम्बन्धी विद्यमान तथा योजनाबद्ध उपायहरूको बारेमा सोधपुछका लागि कृपया तलका स्रोत/च्यानलहरू मार्फत् तल उल्लेखित अधिकृतलाई सम्पर्क गर्नुहोस् -

| | | |
|---|---|---|
| शीर्षक | : | पेशागत स्वास्थ्य सेवा |
| टेलिफोन न. | : | 2852 4041 |
| फ्याक्स न. | : | 2581 2049 |
| ईमेल | : | enquiry@labour.gov.hk |
| हुलाक ठेगाना | : | 15/F., Harbour Building, 38 Pier Road, Central, Hong Kong |

## F. कर्मचारीहरूको क्षतिपूर्ति महाशाखा

| | |
|---|---|
| सम्बन्धित सेवाहरू | • कामको सिलसिलामा चोटपटक लागेका वा निर्धारित पेशागत रोगबाट प्रभावित/पीडित भएका विविध/फरक जातिका घाइते कर्मचारीहरू वा कामको सिलसिलामा दुर्घटनामा परेर वा निर्धारित पेशागत रोगको कारण मृत्यु भएको विविध/फरक जातिका कर्मचारीको परिवार सदस्यहरूहरूलाई कर्मचारी क्षतिपूर्ति कानुन अन्तर्गत क्षतिपूर्ति प्राप्त गर्न मद्दत गर्दछ। |
| विद्यमान उपायहरू | • सम्बन्धित सेवाहरू LD को रोजगारदाता क्षतिपूर्ति महाशाखा र घातक रोगसम्बन्धी कार्यालय मार्फत् अंग्रेजी र चिनियाँ भाषामा प्रदान गरिन्छ।<br><br>• CHEER सँग मिलेर हामीले चिनियाँ वा अंग्रेजीमध्ये कुनै पनि भाषा नबोल्ने विविध/फरक जातिका घाइते कर्मचारीहरू वा उनीहरूको परिवारका सदस्यहरूलाई नि:शुल्क दोभाषे/व्याख्या सेवा प्रदान गर्ने व्यवस्थाहरू गरेका छौं। चीयर CHEER सेन्टरद्वारा प्रदान गरिएको दोभाषे/व्याख्या सेवाहरूको प्रवर्द्धन गर्न विविध/फरक जातिका मुख्य भाषाहरूमा (अर्थात् तागालगा, बहासा इन्डोनेसियन, थाई, हिन्दी, उर्दू, नेपाली, पंजाबी र भियतनामी) पोस्टरहरू तयार गरी यी कार्यालयहरूका रिसेप्सन काउन्टरको सबैले देख्ने प्रमुख स्थानहरूमा राखिन्छ। माथि उल्लेख गरिएका कार्यालयका कर्मचारी सदस्यहरूले विविध/फरक जातिका आगन्तुकहरूलाई उनीहरूको भाषामा लेखिएको फारम मार्फत् दोभाषे/व्याख्या सेवाहरूको बारेमा बताउँछन् र उनीहरूलाई यसप्रकारको सेवा आवश्यक छ वा छैन भनेर निश्चित गर्दछन्।<br><br>• विविध/फरक जातिका घाइते कर्मचारीहरू र उनीहरूका परिवारका सदस्यहरूलाई कर्मचारी क्षतिपूर्ति सेवाहरूको उपयोगमा सहजीकरण गर्न सम्बन्धित प्रचारप्रसार पर्चाहरू तथा जानकारी पत्रहरू चिनियाँ, अंग्रेजी र विविध/फरक जातिका प्रमुख भाषाहरूमा उपलब्ध गराइन्छ।<br><br>• कर्मचारी क्षतिपूर्ति निर्धारण बोर्डद्वारा गरिने कामको सिलसिलामा भएको चोटपटकको मूल्यांकनमा उपस्थित हुन विविध/फरक जातिका घाइते कर्मचारीहरूलाई सहज बनाउन कर्मचारी क्षतिपूर्ति महाशाखाले आवश्यकता अनुसार विविध/फरक |

| | | |
|---|---|---|
| | | जातिका कर्मचारीहरूका लागि कार्यक्षेत्रमा स्थलगत दोभाषे/व्याख्या सेवाहरूको व्यवस्था गर्नेछ। |
| | | • विविध/फरक जातिका मानिसद्वारा गरिएको सेवाहरूको उपभोगसँग सम्बन्धित डाटा र तथ्यांकहरूको संकलन गर्ने र ती डाटा (गैरव्यक्तिगत डाटा) सजिलै फेरि प्राप्त गर्न सकिने बनाउने। |
| भावी कार्यको आँकलन | | • हामी विविध/फरक जातिका घाइते कर्मचारीहरू र उनीहरूका परिवारका सदस्यहरूको लागि हामीले प्रदान गरेको सेवाहरू समय-समयमा समीक्षा गरी उचित सुधारहरू गर्नेछौं। |
| | | • हामी विविध/फरक जातिहरूका मानिसहरूद्वारा गरिएको सेवाहरूको उपयोगसँग सम्बन्धित डाटा र तथ्यांकहरू (गैर-व्यक्तिगत डाटा) संकलन गर्नेछौं ताकि सम्बन्धित उपायहरूको प्रभावको मूल्यांकन गर्न र सेवा प्रावधान/उपलब्धतामा निरन्तर सुधार गर्न सकियोस्। |

यस महाशाखाले जातीय समानताको प्रवर्द्धनमा अवलम्बन गरेको विद्यमान उपायहरूको बारेमा सोधपुछका लागि कृपया तलका स्रोत/च्यानलहरू मार्फत् उल्लेखित अधिकृतलाई सम्पर्क गर्नुहोस् -

| | | |
|---|---|---|
| नाम | : | Miss WONG Mui-yim Myra |
| पद | : | श्रम अधिकृत |
| टेलिफोन न. | : | 2852 3704 |
| फ्याक्स न. | : | 2314 3350 |
| ईमेल | : | ECD-OP2-ENQ@labour.gov.hk |
| हुलाक ठेगाना | : | 12/F., Harbour Building, 38 Pier Road, Central, Hong Kong |

## G. रोजगार दाबी छानविन/अनुसन्धान महाशाखा

| | | |
|---|---|---|
| सम्बन्धित सेवाहरू | | • रोजगार अध्यादेश र कर्मचारी क्षतिपूर्ति अध्यादेशको संदिग्ध उल्लंघनको अनुसन्धान। |
| विद्यमान उपायहरू | | • आपराधिक अनुसन्धानको क्रममा विभिन्न जातका मानिसहरूलाई उनीहरूको सम्बन्धित मातृभाषामा बयान वा |

| | | |
|---|---|---|
| | | जानकारी दिनको लागि व्याख्या र अनुवाद सेवाहरू प्रदान गरिन्छ। |
| | • | रोजगारी अध्यादेशसँग सम्बन्धित नागरिक र फौजदारी कारबाहीहरू परिचय गराउने प्रवर्द्धनात्मक पर्चा चिनियाँ, अंग्रेजी र विभिन्न जातिका मानिसहरूका प्रमुख भाषाहरू (जस्तै तागालोग, इन्डोनेसियाली, थाई, नेपाली, उर्दू र हिन्दी, सिंहला) मा उपलब्ध गराइन्छ। |
| भावी कार्यको आँकलन | • | हामी समय समयमा विविध जातिका मानिसहरूका लागि हाम्रा सेवाहरूको समीक्षा गर्नेछौं र उपयुक्त रूपमा सुधार गर्नेछौं। |
| | • | सेवाग्राहीहरूको लागि भाषा सेवाहरूको आवश्यकता मूल्यांकन गर्न हामी विविध जातिहरुका मानिसहरूद्वारा गरिएको सेवाहरूको उपयोगसम्बन्धी डाटा र तथ्यांकहरू (गैर-व्यक्तिगत डाटा) संकलन गर्नेछौं। |

यस महाशाखाले जातीय समानताको प्रवर्द्धनमा अवलम्बन गरेको विद्यमान उपायहरूको बारेमा सोधपुछको लागि कृपया तलका स्रोत/च्यानलहरू मार्फत् तल उल्लेखित अधिकृतलाई सम्पर्क गर्नुहोस् -

| | | |
|---|---|---|
| नाम | : | Miss LEE Shuk-wai, Jane |
| पद | : | सहायक श्रम अधिकृत I (रोजगार दाबी अनुसन्धान/छानविन) |
| टेलिफोन न. | : | 3847 7642 |
| फ्याक्स न. | : | 2543 4375 |
| ईमेल | : | ECID@labour.gov.hk |
| हुलाक ठेगाना | : | 7/F, Treasury Building, 3 Tonkin Street West, Cheung Sha Wan, Kowloon |

## H. अभियोजन महाशाखा

| | | |
|---|---|---|
| सम्बन्धित सेवाहरू | • | कर्मचारीहरूको (विविध/फरक जातिका मानिसहरू समेत) वैधानिक अधिकार र लाभहरूको रक्षा गर्न श्रम कानून अन्तर्गत मुद्दा अघि बढाउने। |
| विद्यमान उपायहरू | • | अदालतको कार्यवाहीमा भाग लिनका लागि विविध/फरक जातिका कर्मचारीहरू र प्रतिवादीहरूलाई सहज बनाउन ती कर्मचारीहरू र प्रतिवादीहरूको लागि उनीहरूको मातृभाषा वा |

| | | |
|---|---|---|
| | | परिचित भाषाहरूमा प्रमाण पेश गर्न, अपील गर्न वा बचाव गर्नका लागि दोभाषे/व्याख्या सेवाहरूको व्यवस्था गर्न अभियोजन अधिकारीहरूले अदालतमा निवेदन दिनेछन्। |
| भावी कार्यको आँकलन | • | हामी विविध/फरक जातिका कर्मचारीहरू र प्रतिवादीहरूको लागि अदालतमा दोभाषे/व्याख्या सेवाहरूको आवश्यकता मूल्यांकन गर्न उनीहरूबाट अदालतमा उपयोग गरिएको दोभाषे/व्याख्या सेवाहरूसँग सम्बन्धित डाटा र तथ्यांकहरू (गैरव्यक्तिगत डेटा) संकलन गर्नेछौं। |
| | • | हामी समय-समयमा अदालतको कार्यवाहीमा उपस्थित हुने सम्बन्धमा विविध/फरक जातिका मानिसहरुको आवश्यकतालाई पनि ध्यान दिँदै उपयुक्त भएमा थप सहयोग प्रदान गर्नेछौं। |

यस महाशाखाले जातीय समानताको प्रवर्द्धनमा अवलम्बन गरेको विद्यमान उपायहरूको बारेमा सोधपुछको लागि कृपया तलका स्रोत/च्यानलहरू मार्फत तल उल्लेखित अधिकृतलाई सम्पर्क गर्नुहोस् -

| | | |
|---|---|---|
| नाम | : | Ms Terry NG |
| पद | | श्रम अधिकृत |
| टेलिफोन न. | | 2852 3618 |
| फ्याक्स न. | : | 2854 9096 |
| ईमेल | : | lo_p_3_1@labour.gov.hk |
| हुलाक ठेगाना | : | 12/F., Harbour Building, 38 Pier Road, Hong Kong |

## I. श्रम निरीक्षण महाशाखा

| | | |
|---|---|---|
| सम्बन्धित सेवाहरू | • | कार्यस्थल निरीक्षण र शंकास्पद अपराधहरूको आपराधिक अनुसन्धानको माध्यमबाट सम्बन्धित श्रम कानून लागू गरी विविध/फरक जातिका कर्मचारीहरूको अधिकार र लाभहरूको सुरक्षा गर्दछ। |
| विद्यमान उपायहरू | • | सेवाहरू अङ्ग्रेजी र चिनियाँ भाषामा प्रदान गरिन्छ। सर्वसाधारणको सन्दर्भको लागि जानकारी पुस्तिका, पर्चा, संक्षिप्त निर्देशिकाहरू र फारमहरू चिनियाँ र अंग्रेजी दुवै भाषामा उपलब्ध गराइन्छ। विविध/फरक जातिका रोजगारदाताहरू र कामदारहरूलाई सम्बन्धित श्रम कानुन अन्तर्गत रहेका |

| | | |
|---|---|---|
| | | उनीहरूको वैधानिक जिम्मेवारी/अधिकार र लाभहरू बुझ्न मद्दत गर्न केही प्रकाशनहरू विविध/फरक जातिका प्रमुख भाषाहरूमा (ट्यागलाग, बहासा, थाई, हिन्दी, नेपाली र उर्दू सहित) पनि छापिन्छन् । |
| | • | अनुसन्धान अन्तर्वार्ताहरूमा सहभागी विविध/फरक जातिका रोजगारदाताहरू र कर्मचारीहरूको लागि आवश्यकता अनुसार अनुवाद र दोभाषे/व्याख्या सेवाहरू व्यवस्था गरिन्छन्। |
| भावी कार्यको आँकलन | • | हामी समय-समयमा हाम्रा सेवाहरू र विविध/फरक जातिका मानिसहरूबाट गरिएको सेवाहरूको उपयोगसम्बन्धी डाटा र तथ्यांक संकलनको (गैरव्यक्तिगत डाटा) समीक्षा गरी आवश्यकता अनुसार हाम्रा सेवाहरूको बृद्धि गर्दछौं। |

यस महाशाखाले जातीय समानताको प्रवर्द्धनको लागि अवलम्बन गरेको उपायहरूको बारेमा सोधपुछको लागि कृपया तलका स्रोत/च्यानलहरू मार्फत् तल उल्लेखित अधिकृतलाई सम्पर्क गर्नुहोस् -

| | |
|---|---|
| नाम | : Miss AU Sui-fun |
| पद | : प्रमुख श्रम निरीक्षक (मुख्यालय) |
| टेलिफोन न. | : 2815 2200 |
| फ्याक्स न. | : 2850 4949 |
| ईमेल | : lid-hq@labour.gov.hk |
| हुलाक ठेगाना | : 17/F, Harbour Building, 38 Pier Road, Central, HK |

## J. ज्याला सुरक्षा महाशाखा

| | | |
|---|---|---|
| सम्बन्धित सेवाहरू | • | दिवालिया कोषमा रहेको ज्याला सुरक्षाबाट विविध/फरक जातिका कर्मचारीहरूले कमाएको ज्यालाको अनुग्रह भुक्तानीको लागि प्रक्रिया अघि बढाउँछ, जसमा कर्मचारीहरूले जागिर छोड्न दिइएको सूचना अवधिमा कमाएका ज्याला, जागिर छोड्नुपर्दा पाउने अतिरिक्त क्षतिपूर्ति रकम संचित बिदा वा छुट्टीको रकम लगायतका उनीहरूको दिवालिया रोजगारदाताबाट पाउनुपर्ने ज्याला/रकमहरू पर्दछन्। |
| विद्यमान उपायहरू | • | हामीले दिवालिया कानुनमा रहेको ज्याला संरक्षणसम्बन्धी निर्देशिका, दिवालिया कोषको ज्याला सुरक्षाबाट अनुग्रह भुक्तानी (ex gratia payment) को लागि फारामहरू र सान्दर्भिक |

| | | |
|---|---|---|
| | | मार्गदर्शन नोटहरू चिनियाँ र अंग्रेजी दुवै भाषामा प्रकाशित गरेका छौं। |
| | • | चिनियाँ वा अंग्रेजीमध्ये कुनै पनि भाषा नबोल्ने आवेदकहरूको लागि उनीहरूको आवेदनको प्रमाणीकरण प्रक्रियामा उनीहरूसँग कुराकानी गर्न आवश्यक भएमा CHEER बाट नि:शुल्क दोभाषे/व्याख्या सेवा उपलब्धताको हामी व्यवस्था गर्नेछौं। |
| भावी कार्यको आँकलन | • | सेवाग्राहीहरूको भाषा सेवाहरूसम्बन्धी आवश्यकताको मूल्यांकनका लागि हामी विविध/फरक जातिका मानिसहरूद्वारा गरिएको सेवा उपयोगसँग सम्बन्धित डाटा र तथ्यांक (गैरव्यक्तिगत डाटा) संकलन गर्नेछौं। |

यस महाशाखाले जातीय समानताको प्रवर्द्धनमा अवलम्बन गरेको विद्यमान उपायहरूको बारेमा सोधपुछको लागि कृपया तलका स्रोत/च्यानलहरू मार्फत् तल उल्लेखित अधिकृतलाई सम्पर्क गर्नुहोस् -

| | | |
|---|---|---|
| नाम | : | Mr LEUNG Pui-chung, Thomas |
| पद | : | सहायक श्रम अधिकृत I (ज्याला सुरक्षा) 1 |
| टेलिफोन न. | : | 2923 5293 |
| फ्याक्स न. | : | 2832 2025 |
| ईमेल | : | wsd@labour.gov.hk |
| हुलाक ठेगाना | : | 16/F, Overseas Trust Bank Building, 160 Gloucester Road, Wan Chai, Hong Kong |

**K.** न्यूमोकोनिओसिस र मेसोथेलियोमा क्षतिपूर्ति कार्यालय

| | | |
|---|---|---|
| सम्बन्धित सेवाहरू | • | निमोनोकोनिसिस र/वा मेसोथेलियोमाबाट पीडित व्यक्तिहरू वा उनीहरूका परिवारका सदस्यहरूलाई निमोनोकोनिसिस र मेसोथेलियोमा (क्षतिपूर्ति) कानुन अन्तर्गत क्षतिपूर्ति लिन वा न्यूमोकोनिओसिस एक्स ग्रेसिया योजना अन्तर्गत अनुग्रह भुक्तानी रकम प्राप्त गर्न सहयोग गर्दछ। |
| विद्यमान उपायहरू | • | न्युमोकोनिओसिस र मेसोथेलियोमा क्षतिपूर्ति (PMC) कार्यालयमा रहेका सेवाहरूको प्रावधानहरू अंग्रेजी र चिनियाँ भाषामा छ। |

- चिनियाँ वा अंग्रेजीमध्ये कुनै पनि भाषा नबोल्ने निवेदकहरूको लागि नि:शुल्क दोभाषे/व्याख्या सेवाहरू उपलब्ध गराउन हामीले CHEER सँग मिलेर आवश्यक व्यवस्थाहरू गरेको छौं। चीयर CHEER केन्द्र द्वारा प्रदान गरिएको दोभाषे/व्याख्या सेवाहरूको प्रवर्द्धन गर्न विविध/फरक जातिका प्रमुख भाषाहरूमा (अर्थात्: तागालगा, बहासा इन्डोनेसियन, थाई, हिन्दी, उर्दू, नेपाली, पंजाबी र भियतनामी) पोष्टरहरू कार्यालयभित्र स्पष्ट देखिने स्थानहरूमा राखिन्छन्।

- क्षतिपूर्तिको लागि आवेदन गर्ने प्रमुख आवेदन फारामहरू र निर्धारण प्रमाणपत्रहरू चिनियाँ र अङ्ग्रेजी दुवै भाषामा उपलब्ध छन्। विविध/फरक जातिका आवेदकहरूका लागि आवश्यकता अनुसार दोभाषे/व्याख्या र अनुवाद सेवाहरूको व्यवस्था गरिनेछ।

भावी कार्यको आँकलन

- हामी विविध/फरक जातिका आवेदकहरूको लागि हाम्रा सेवाहरूको समय-समयमा समीक्षा गरी उचित सुधारहरू गर्नेछौं।

- सेवाग्राहीको भाषा सेवाहरूसम्बन्धी आवश्यकता मूल्यांकनको लागि हामी विविध/फरक जातिका मानिसहरूद्वारा गरिएको सेवा उपयोगसँग सम्बन्धित डाटा र तथ्यांकहरू (गैरव्यक्तिगत डाटा) संकलन गर्नेछौं।

यस कार्यालयले जातीय समानता प्रवर्द्धनमा अवलम्बन गरेको विद्यमान उपायहरूको बारेमा सोधपुछका लागि कृपया तलका स्रोत/च्यानलहरू मार्फत् तल उल्लेखित अधिकृतलाई सम्पर्क गर्नुहोस् -

| | | |
|---|---|---|
| नाम | : | Ms Vivian SIU |
| पद | : | श्रम अधिकृत (कर्मचारी क्षतिपूर्ति) (केन्द्रीय सेवा शाखा 1) 1 |
| टेलिफोन न. | : | 2852 4034 |
| फ्याक्स न. | : | 2854 4166 |
| ईमेल | : | lo_c_cs1_1@labour.gov.hk |
| हुलाक ठेगाना | : | Pneumoconiosis and Mesothelioma Compensation Office, Employees' Compensation Division, Labour Department, 6/F., Harbour Building, 38 Pier Road, Central, Hong Kong. |

**श्रम विभाग**
**जुन 2025**